नारायण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नयाँबजार, दैलेख
(राजश्व उप-शाखा)

फोन नं. ०८९-४१०१३५
कर्णाली प्रदेश नेपाल


पत्र संख्या:- २०८२/०८३

मिति-२०८२/०७/११

<u>सूचना नं. ०१/०८२/०८३</u>

**ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१६**

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/३०**

**तेस्रो पटक प्रकाशित मितिः २०८२/०६/२२**

**चौथो पटक प्रकाशित मितिः २०८२/०७/११**

यस नारायण नगरपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०८२/०८३ को लागि नगर कार्यपालिकाद्वारा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरुले सूचना प्रकाशित भएको मितिले १५ भित्र दरभाउ पत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्यावधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र कर चुक्ताको प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र आ. व. २०८०/०८१ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र तपशिलमा उल्लेखित शिलबन्दी दरभाउ पत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरु शिलबन्दी दरभाउ पत्र फाराममा संलग्न गरिनेछ । शिलबन्दी दरभाउ पत्र फाराम खरिद दस्तुर वापत रु. १०००।– (अक्षरूपी एक हजार) का दरले राष्ट्रिय बाणिज्य बैंक दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४०१०१००३०१०१०००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

३. आफुले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। शिलबन्दी दरभाउ पत्र फाराम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक दैलेखमा रहेको धरौटी खाता नं. ४०१०१००३०३००००००२ मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी विड वण्ड समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी दरभाउ पत्र तथा म्याद नाघि वा रित नपुगी सर्त राखी प्राप्त भएको शिलबन्दी दरभाउ पत्र माथि कुनै कारबाही हुने छैन । प्राप्त शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५. चौथो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ, दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोहि दिनको २:०० बजे कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा दरभाउ पत्र दाता स्वंयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन । सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खोलेको दिन दरभाउ पत्र फाराम खरिद तथा दर्ता गर्न सकिने छ

६. शिलबन्दी दरभाउ पत्र सम्बन्धि अन्य शर्तहरु दरभाउ प"त्र फाराम उल्लेख गरे बमोजिम हुनेछ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।

७. शिलबन्दी दरभाउ पत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइ www.narayanmun.gov.np ,इमेल ito.narayanmun@gmail.com. र फोन ०८९-४१०१३५ तथा कार्यालयको सूचना पाटी मार्फत लिन सकिने छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | शिर्षक | न्युनतम वार्षिक ठेक्का अंक भ्याट सहित | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| २. | २/०८२/०८३ | नारायण नगरपालिका क्षेत्र भित्र छामघाट खोलाको (तोकिएका स्थलहरूबाट मात्र) ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना | ८,३०,१६१।२८ | १०००।- | कबोल अंकको ५ प्रतिशत |

नारायण नगरपालिका, दैलेख

प्रमुख प्रशासकीय अधिकृत